जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १९० २०७८ साल फागुन १६ गते सोमबार (28 Feb. 2022 Monday) मूल्य रु. ५/-

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अझै ३८ प्रतिशत श्रमजीवी... ३ पृष्ठमा : एमसिसी सम्झौता अनुमोदन ... ३ पृष्ठमा य्रुक्रेनमा रुसको आक्रमण...

# स्थानीय तहको निर्वाचन सम्बन्धि कार्यतालिका सार्वजनिक



**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

जिल्ला निर्वाचन कार्यालय सप्तरीले स्थानीय तहको निर्वाचन सम्बन्धि कार्यतालिका सार्वजनिक गरेको छ ।

सरोकारवालाहरुसँग मतदाता नामावली अद्यावधीक (दावी विरोध समेत) सम्बन्धि आइतवार अन्तरक्रिया कार्यक्रमको आयोजना गरी निर्वाचन कार्यालयले सो

*बाँकी अन्तिम पृष्ठमा*



## सूचना । सूचना ॥ सूचना ॥।

यस ट्रेडर्सद्वारा पैठारी गरि बिक्रि बितरण गरिने DAIKIN INDIA, भारत ब्राण्डको अधिकतम खुदरा मुल्य निम्न अनुसार भएको सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| SN | Products | Model Number | MRP |
|---|---|---|---|
| 1 | Wall Mount 1 TR | FTHT35TV16U | 80,000.00 |
| 2 | Wall Mount 1.8 TR | FTHT60TV16U | 128,000.00 |
| 3 | Wall Mount1.5 TR | FTHT50TV16U | 104,000.00 |
| 4 | Wall Mount 1 TR Cooling Only | FTKL35TV16X | 80,000.00 |
| 5 | Out Door Unit | RXYQ10ARY6 | 480,000.00 |
| 6 | Out Door Unit | RXYQ14ARY6 | 624,000.00 |
| 7 | Out Door Unit | RXYQ16ARY6 | 720,000.00 |
| 8 | Out Door Unit | RXYQ20ARY6 | 841,600.00 |
| 9 | Out Door Unit | RXYQ12ARY6 | 537,600.00 |
| 10 | Out Door Unit | RXYQ8ARY6 | 387,200.00 |
| 11 | Out Door Unit | RXYQ18ARY6 | 495,000.00 |
| 12 | Out Door Unit | RXYQ4ARY6 | 212,486.00 |
| 13 | Out Door Unit | RXYMQ6ARV16 | 288,000.00 |
| 14 | Ductable IDU 4.65 TR | FXMQ140PBV36 VRT | 115,200.00 |
| 15 | Ductable IDU 4.13 TR | FXMQ125PBV36 | 102,400.00 |
| 16 | Ductable IDU 3.13 TR | FXMQ100ARV16 | 88,000.00 |
| 17 | Ductable IDU 2.08 TR | FXMQ63ARV16 | 68,800.00 |
| 18 | Ductable IDU 1.65 TR | FXDQ50ARV16 | 59,200.00 |
| 19 | Corded Remote | BRC2E61 | 3,200.00 |
| 20 | Y-Joint | KHRP26A33T6 | 7,200.00 |
| 21 | Y-Joint | KHRP26A22T6 | 7,200.00 |
| 22 | Y-Joint | KHRP26A72T6 | 7,200.00 |
| 23 | Y-Joint | KHRP26A73T6 | 7,800.00 |
| 24 | Cassatte IDU 2.08 TR | FXFSQ63ARV16 | 57,200.00 |
| 25 | Cassatte Panel | BYCQ125EAF6 | 14,400.00 |
| 26 | Cassatte IDU 1.06 TR | FXFSQ32ARV16 | 57,400.00 |
| 27 | Cassatte IDU 1.65 TR | FXFSQ50ARV16 | 66,000.00 |
| 28 | Cassatte IDU 2.65 TR | FXFSQ80ARV16 | 78,600.00 |

**INTERIOR DESIGNERS PVT. LTD.**
**Subidha Nagar, Kathmandu**

# एमसिसी विरुद्ध वाइसिएलको प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

एमसीसी बिरुद्ध वाइसिएलले आइतबार राजबिराजमा प्रदर्शन गरेको छ ।

युवा, बिद्यार्थी, किसान, मजदुर नेता सम्मिलित संयुक्त जुलुसले अमेरिकी सहयोग परियोजना एमसीसी बिरुद्ध बिरोध प्रर्दशन गरेका हुन ।

जुलुसमा वाईसीएलका भुपेन्द्र प्रसाद यादव, अनेरास्वबियु (क्रान्तिकारी)का केन्द्रिय सदस्य जय प्रकाश यादव, अनेकि महासंधका केन्द्रिय सदस्य हरीनारायण महतो, अनेट्रेयु महासंघ सप्तरीका ईन्चार्ज राम कुमार रायलगायतको नेतृत्वमा प्रदर्शन गरिएको छ ।

राजबिराजको शिव मन्दिरवाट निस्केको बिरोध जुलुसले अमेरिकी सहयोग परियोजना एमसीसी खारेज गर, अमेरिकी साम्राज्यवाद मुर्दाबाद, राष्ट्रिय स्वधिनताको रक्षा गर, देशी, बिदेशी दलाल होसीयार लगायतका नारावाजी गर्दै जनआन्दोलन चौकमा बिरोध सभामा परिणत भएको थियो । सभामा बक्ताहरुले राष्ट्रघाती एमसीसी नेपालबाट फिर्ता लैजान माग गरे ।

# काँग्रेसमा सर्वसम्मत नेतृत्वका लागि पहल जारी



**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

नेपाली काँग्रेस सप्तरीले अगामी निर्वाचनका लागी सर्बसम्मत नेतृत्वका लागि पहल जारी राखेको छ ।

पार्टीको संस्थापन तथा इतर पक्षबाट सभापती पदको उम्मेदवारी घोषणा भईसकेको अवस्थामा पार्टीका नवनिर्वाचित केन्द्रीय सदस्य एवं वर्तमान जिल्ला सभापती दिनेश कुमार यादवको संयोजकत्वमा गठित कार्यदलले सर्बसम्मतीको प्रयास जारी राखेको हो ।

जिल्ला अधिवेशनका लागी नेतृत्व चयनमा सर्वसम्मतीको प्रयास जारी राख्न यादवको संयोजकत्वमा गठित कार्यदलमा डा. सुवोध कुमार पोखरेल र भागवत यादवलाई सदस्यमा राखिएको छ ।

पार्टी मजबुत बनाउन आसन्न

*बाँकी अन्तिम पृष्ठमा*

# अन्ततः एमसिसी सम्झौता अनुमोदन

काठमाडौं, १५ फागुन (रासस) ।

अन्ततः प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकले 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौता बहुमतले अनुमोदन गरेको छ ।

अर्थमन्त्री जनार्दन शर्माले व्याख्यात्मक घोषणासहितको प्रस्ताव अनुमोदन गर्न सभामा प्रस्तुत गर्नुभएको थियो । सो प्रस्तावलाई ध्वनिमतले अनुमोदन गरिएको हो ।

लामो बहस र बिवादपछि उक्त सम्झौता आइतबार अनुमोदन भएको हो । सभामुख अग्निप्रसाद सापकोटाले व्याख्यात्मक घोषणासमेत सदनबाट जारी भएको सुनाउनुभयो । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले भने आफ्ना माग सम्बोधन नभएको जनाउँदै विरोध जारी राखेको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही फागुन १८ गते बुधबार दिउँसो १ बजे बस्नेछ ।

यसअघि सरकारले अमेरिकी सहयोग परियोजना (एमसिसी) को सन्दर्भमा प्रतिनिधिसभामा प्रस्तुत गरेको १२ बुँदे व्याख्यात्मक घोषणालाई सांसदहरूले सकारात्मक भएको प्रतिक्रिया दिएका छन् । एमसिसी सम्झौताको प्रावधानमाथिको छलफलमा भाग लिँदै सांसदहरूले सो कुरा बताएका हुन् ।

प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकमा भएको उक्त सम्झौतामाथिको छलफलमा भाग लिँदै नेपाली कांग्रेसकी सचेतक पुष्पा भुसालले एमसिसीले नेपालको अर्थतन्त्रलाई बलियो बनाउन र पूर्वाधारको विकासका लागि सहयोग गर्ने बताउनुभयो । उहाँले एमसिसीले विश्वका ४६ वटा देशहरूसँग पनि भएको र सम्झौतामा सैने गठनबाट जोडिएको छैन भनी प्रस्ट पार्नुभयो । व्याख्यात्मक घोषणा सकारात्मक भएको उहाँको टिप्पणी छ ।

सांसद प्रेम सुवालले सम्झौताको विरोध गर्दै एमसिसी खारेज गर्नुपर्ने माग गर्नुभयो । मातृकाप्रसाद यादवले व्याख्यात्मक घोषणा अन्तर्राष्ट्रिय रूपमै एमसिसीको अङ्ग बनेको छ भन्नुभयो । सांसद डा मीनेन्द्रप्रसाद रिजालले एमसिसीका बारेमा गलत भ्रम चिर्नका लागि व्याख्यात्मक

*बाँकी अन्तिम पृष्ठमा*

# एमसिसीबारेको ११ बुँदे व्याख्यात्मक घोषणामा के छ ?

काठमाडौँ, १५ फागुन (रासस) ।

सत्तारुढ दलहरुले अमेरिकी सहयोग परियोजना एमसिसीलाई नितान्त आर्थिक सहयोग र भौतिक पूर्वाधारको विकासमा केन्द्रित रहेको व्याख्यात्मक घोषणा गरेका छन् ।

एमसिसी सम्झौताका सन्दर्भमा उठेका अनेक प्रश्न र जिज्ञासाको चित्तबुझ्दो जवाफ खोज्दै दलहरुले कम्प्याक्टका सम्बन्धमा, त्यसको पक्ष भएका कारण नेपाल संयुक्तराज्य अमेरिकाको इण्डो प्यासेफिक स्ट्राटेजीलगायत कुनै पनि सामरिक सैन्य वा सुरक्षा गठबन्धमा बाँधिएको मानिने छैन भन्ने घोषणा गरेका छन् ।

सत्तारुढ दलले विभिन्न ११ बुँदामा विवादित भनिएका विषयका सम्बन्धमा स्पष्ट पार्ने प्रयास गरेका छन् । लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयले गर्ने, आयोजनाबाट प्राप्त हुने बौद्धिक सम्पत्ति नेपालको नै हुने तथा नेपालको संविधानभन्दा माथि कुनै पनि सम्झौता नरहने र विद्यमान नेपालको कानूनअनुसार नै निर्देशित हुने घोषणा गरिएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको सत्तारुढ दलहरुबीच भएको बैठकमा एमसिसीका सन्दर्भमा उठेका प्रश्नको उत्तर व्याख्यात्मक घोषणामार्फत सार्वजनिक गरेका हुन् ।

यस्तै, सम्झौताको दफा २.७, दफा ५.२ (ख) ३, दफा ५.२ ख ४ का सम्बन्धमा सम्झौताको उक्त दफाको उद्देश्य अनुदानको उपयोग सन्दर्भमा मात्र हुन्छ भन्ने बुझाइ नेपालको रहेको छ र अन्य प्रावधानले एमसिसी अनुदानको प्रयोग बाहेक अन्य कुनै पनि उद्देश्यका लागि हाल विद्यमान वा भविष्यमा निर्माण हुने अमेरिकी कानून वा नीतिहरुको पालना गर्न नेपाल बाध्य छैन भन्ने घोषणा गर्दछ ।

सत्तारुढ दलले कम्प्याक्टको दफा ३.२ (ख) का सम्बन्धमा मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समितिले सञ्चालन गर्ने क्रियाकलाप नेपालको कानुनद्वारा निर्देशित र कम्प्याक्टअनुसार नियमित हुनेछ भन्ने स्पष्ट पारिएको छ ।

बौद्धिक सम्पत्तिको हकमा एमसिसीको स्वामित्व रहने छैन र कम्प्याक्ट कार्यक्रमअन्तर्गत सिर्जना हुने सम्पूर्ण बौद्धिक सम्पत्तिउपर नेपालको स्वामित्व रहनेछ र त्यसको पूर्ण उपभोग नेपालले गर्नेछ भन्नेमा सत्तारुढ दल सहमत भएका छन् ।

यस्तै, कम्प्याक्टको दफा ३.५ का सम्बन्धमा कार्यान्वयन पत्रहरु कम्प्याक्टको दायराभित्र लागू गरिने भएको छ । एमसिए नेपालको सबै गतिविधि तथा कोषको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम महालेखा परीक्षकबाट पनि गरिने भएको छ ।

त्यस्तै, सम्झौताअन्तर्गतका गतिविधि, कार्यक्रमले नेपालको कानून वा नीतिको उल्लङ्घन गरेमा नेपालले ३० दिनभित्र लिखित सूचना दिएर कम्प्याक्ट वा एमसिसी अनुदान रकम खारेज गर्ने अधिकार नेपालसँग रहेको घोषणा गर्दछ ।

सम्झौताको समाप्ति, निलम्बन वा अन्त्यपश्चात् पनि लागू हुने भनिएका प्रावधान बाँकी रहेको एमसिसी अनुदान रकमको उपयोगलगायत कम्प्याक्ट अन्तर्गतका परियोजनाको मूल्याङ्कन, लेखापरीक्षक र करको फरफारकको हदसम्म प्रासङ्गिक हुने घोषणा नेपाल गर्दछ ।

कम्प्याक्टको दफा ७.१ का सम्बन्धमा नेपालको संविधान कम्प्याक्टभन्दा माथि रहनेछ भन्ने घोषणा गर्दछ । साथै कम्प्याक्ट र कम्प्याक्टअन्तर्गतका कार्यक्रम परियोजनाको कार्यान्वयन नेपालको कानून र कम्प्याक्टबमोजिम गरिनेछ ।

विद्युत् प्रसारण आयोजनालगायतका सबै चल तथा अचल सम्पत्ति, आयोजनासँग सम्बन्धित जग्गा नेपाल सरकार वा नेपाल सरकारका निकायको स्वामित्वमा रहने घोषणा गर्दछ । यस्तै, एमसिसीबाट प्राप्त पत्रका सम्बन्धमा उक्त पत्रमा रहेको मिलेनियम च्यालेञ्ज कर्पोरेशनको जवाफ कम्प्याक्टको व्याख्या तथा कार्यान्वयनमा मद्दत गर्ने बुझाइ नेपालको रहेको छ ।

---

*अझै ३८ प्रतिशत ...*

भनेको छ ।

नियमावलीको दफा २९ मा 'स्थायी श्रमजीवी पत्रकारलाई निजले खाइपाइ आएको तलबबाट प्रत्येक महिनामा दश प्रतिशत रकम कट्टा गरी सञ्चार प्रतिष्ठानले सो रकममा शतप्रतिशत थपी निजको नाममा सञ्चय कोष जम्मा गनुपर्ने' भनिएको छ । दफा ३० मा 'श्रमजीवी पत्रकारले सञ्चार प्रतिष्ठान मा काम गरेबापत प्रत्येक वर्षको अन्त्यमा आफूले खाइपाइ आएको एक महिनाको पारिश्रमिक बराबरको रकम उपचार खर्चबापत पाउने' उल्लेख छ । यस्तै नियमावलीमा श्रमजीवी पत्रकारलाई औषधि उपचार तथा दुर्घटना बिमा, चाडपर्व खर्च, उपदान सुविधालगायतको व्यवस्था गरिएको छ भने श्रमजीवी पत्रकारको दायित्व र आचरणसम्बन्धी प्रबन्ध पनि गरिएको छ ।



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

### युक्रेनमा रुसको आक्रमण जारी

मस्को, १५ फागुन (रासस/सिन्ह्वा) ।

रुसले युक्रेनमा शनिबार पनि आक्रमण जारी राखेको बताइएको छ । शनिबार राति पनि स्थल सेनाले युक्रेनको राजधानी किभमा आक्रमण गरेका थिए । त्यसक्रममा आफूलाई पक्राउ गर्न खोजेको युक्रेनका राष्ट्रपति भोलोदोमिर जेलिन्स्कीले बताउनुभएको छ । उहाँले गएराति रुसको सेनाले आफूलाई पक्राउ गर्न खोजेको तर सफल नभएको बताउनुभएको हो । रुसले आक्रमण गरेको आइतबार चौथो दिन रुसी सैनिक युक्रेनको राजधानी किभ पुगेका छन् । राजधानी किभको उत्तरी भेगमा रुसी सेना पुगेको युक्रेनले जनाएको छ । यहाँका नागरिकले सामाजिक सञ्जालमा राखेका भिडिओमा रुसी सेनाका ट्याङ्कर युक्रेनको राजधानी किभमा गुडिरहेको देखिएको छ । शुक्रबार नै किभ पुगेको रुसी सेनाबाट सहरको रक्षा गर्न युक्रेनी सैन्य गाडी किभमा परिचालन गरिएको त्यहाँको आन्तरिक मामिला मन्त्रालयले जनाएको छ । युक्रेनले पूर्णरुपमा सेना परिचालन गरेको बताएको छ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्सकीले यहाँ आमरूपमा सेना परिचालनको आदेश दिनुभएको छ । यहाँ अतिरिक्त ड्युटीमा रहेका र जगेडामा रहेका सेनालाई काममा बोलाइएको छ । त्यसैगरी यहाँका युवा जनशक्तिले पनि रुसी सेनाका विरुद्धमा लड्नुपर्ने भएको छ । यहाँका १८ देखि ६० वर्षका पुरुषले देश छाड्न नपाउने घोषणा गरिएको छ । उता रुसले आत्मसमर्पण गर्न युक्रेनी राष्ट्रपतिलाई भनेको छ । आफू आत्मसमर्पण गर्ने र देश छोडेर भाग्ने पक्षमा नरहेको उहाँको दाबी छ ।

### युक्रेनमा सबैतिरबाट आक्रमण गर्न रुसी सेनालाई फेरि निर्देशन

किभ, १५ फागुन (रासस/एएफपी) ।

युक्रेनमा सबैतिरबाट आक्रमण गर्न रुसी सेनालाई फेरि निर्देशन दिइएको छ । वार्ताका लागि रुसले गरेको आग्रह युक्रेनले अस्विकार गरेपछि युक्रेनमाथी फेरि आक्रमण गर्न रुसले आफ्नो सेनालाई निर्देशन दिएको हो । अमेरिकाले शनिबार वार्ताका लागि आह्वान गरेकोमा युक्रेनले अहिले वार्ताको औचित्य नभएको जवाफ दिएको थियो । शनिबार बेलुकासम्ममा युक्रेन र रुसबीचमा भएको भीडन्तका क्रममा कम्तीमा १९८ युक्रेनीको मृत्यु भएको थियो । तीमध्ये तीन जना बालबालिसमेत रहेका थिए । युक्रेनी सेना र रुसी सेनाबीचमा युक्रेनमा आइतबार पनि युद्ध जारी छ । आइतबार युक्रेनको दक्षिणी सरह नोभा काखोभ्कालाई रुसले आफ्नो नियन्त्रणमा लिएको छ । युक्रेनी सञ्चारमाध्यमले नै डीनीपर नदीको किनारमा रहेको यो सहरलाई रुसले नियन्त्रणमा लिएको जनाएका हुन् । रुसी सेनाले सहरको कार्यकारी समितिलाई नियन्त्रण गरेको र सबै भवनबाट युक्रेनको झन्डा झिकेको नोभा काखोभ्काका नगरप्रमुखले बताउनुभएको छ । त्यसैगरी युक्रेनको दोस्रो ठूलो सहर खार्किभमा पनि रुसी सेना प्रवेश गरेको स्थानीय अधिकारीले जनाएका छन् । खार्किभका क्षेत्रीय प्रशासन प्रमुख ओलेग सिनेगुबोभले साना सैन्य सवारी सहर छिरेको पुष्टि गर्नुभएको छ । नागरिकलाई भने घर भित्रै रहन आग्रह गरिएको छ ।

### युक्रेनका राष्ट्रपतिद्वारा युरोपियन युनियनको सदस्ता माग

किभ, १५ फागुन (रासस/सिन्ह्वा) ।

युक्रेनका राष्ट्रपति भालोदिमिर जेलिन्स्किले युक्रेनलाई युरोपियन युनियनको सदस्यताको माग गर्नुभएको छ । उहाँले सामाजिक सञ्जाल ट्वीटरमा सो आग्रह गर्नुभएको हो । उहाँले ट्वीटमा भन्नुभएको छ, अहिले नै सबै कुराको छलफल गर्न सम्भव छैन, हामी निकै अप्ठेरो अवस्थामा छौं । त्यसैले हामीलाई युरोपियन युनियनको सदस्यता दिइयोस् । हाल युक्रेनमाथि रुसले हमला गरिरहेको छ । त्यसैले यतिखेर युक्रेन निकै अप्ठेरो अवस्थामा परेको छ ।

### युक्रेन संकटको कारक अमेरिका : उत्तर कोरिया

सोल, १५ फागुन (रासस/एएफपी) ।

उत्तर कोरियाले युक्रेन सङ्कटको मुख्य कारक अमेरिका नै रहेको आरोप लगाएको छ । रुसले युक्रेनका आक्रमण गरेपछिको पहिलो औपचारिक प्रतिक्रिया दिँदै उत्तर कोरियाले रुस र युक्रेनका बीचमा युद्ध हुनुमा अमेरिका नै मुख्य कारक रहेको उल्लेख गरेको हो । अमेरिकाले युक्रेनलाई हरेक कुराका आफ्नो सहयोग रहने आश्वासन दिँदै रुससँग भिड्न उक्साएको पनि उत्तर कोरियाको आरोप छ । अमेरिका निकट हुँदै गएकोप्रति असन्तुष्ट रहेको रुसले युक्रेनमा आक्रमण गर्दा पनि अमेरिकाले उल्लेख्य सहयोग नगरेको टिप्पणी भइरहेको छ । उत्तर कोरियाको बिदेश मन्त्रालयको वेभसाइटमा अमेरिकाले युक्रेनलाई उक्साएपनि सहयोग नगरेर दोहोरो भूमिका खेलेको लेखिएको छ । शान्ति र स्थायित्वको नाममा अमेरिकाले अरु देशको आन्तरिक मामिलामा खेल्ने गरेको आरोप पनि उत्तर कोरियाले लगाएको छ । क्षेत्रीय तथा अन्तराष्ट्रियस्तरमा आफ्नो प्रभुत्व कायम राख्नका लागि पनि अमेरिकाले अन्य देशहरुको आन्तरिक मामिलामा चलखेल गर्ने गरेको उत्तर कोरियाको भनाइ छ ।

# सहकारी संघसंस्थाका लागि १६ प्रतिशत ब्याजदर

काठमाडौँ, १५ फागुन (रासस) ।
सहकारी सङ्घसंस्थाका लागि आइतबारदेखि लागू हुनेगरी सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६ प्रतिशत कायम गरिएको छ ।

सहकारी बिभागले सहकारी सङ्घसंस्थालाई जारी गरेको सूचनामा सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिम सन्दर्भ ब्याजदर निर्धारण समितिको सिफारिसमा सन्दर्भ ब्याजदरको अधिकतम सीमा तोकेको जनाइएको छ ।

सूचनामा सबै सहकारी सङ्घसंस्थाले सदस्यलाई ऋण प्रवाह गर्दा सीमा १६ प्रतिशतमा नबढ्ने गरी बचत र ऋणको ब्याजदरको अन्तर छ प्रतिशत कायम हुने गरी र बचत तथा ऋणको कारोबार गर्ने सबै सङ्घसंस्थाले प्रवाह गर्ने ऋण लगानीमा व्यक्तिगततर्फ एक प्रतिशत र सामूहिक जमानीतर्फ १.५ प्रतिशतभन्दा बढी सेवा शुल्क लिन नपाउने गरी सन्दर्भ ब्याजदर लागू गर्ने व्यवस्था गरिएको छ ।

तोकिएको सन्दर्भ ब्याजदर सहकारी सङ्घसंस्थाका लागि निर्देशक ब्याजदरका रुपमा रहने हुँदा सहकारी विभाग र राष्ट्रिय सहकारी महासङ्घ तथा केन्द्रीय बिषयगत सङ्घबाट पालनाको अनुगमन गर्दा सहकारी कानूनबमोजिम हुने बिभागका रजिष्टार रुद्रप्रसाद पण्डितद्वारा हस्ताक्षरित सूचनामा उल्लेख छ ।

# मिस्टर एण्ड मिस सप्तरी प्रतिक र अञ्जली

**दैनिक समाचारदाता**
**राजबिराज, १५ फागुन ।**
राजबिराजमा आयोजित मिस्टर एण्ड मिस सप्तरी कलेज आईकन (सौन्दर्य प्रतियोगिता) २०२२ मा पुरुषतर्फ प्रतिक साह र महिलातर्फ अञ्जली आनन्दले उपाधी हात पारेकी छिन् ।

किशोर किशोरीको क्षमता बिकास र अभिबृद्धिका लागी आयोजित आइकन अन्तरगत शनिबार राती अबेरसम्म चलेको ग्राण्ड फिनालेको आईतवार घोषित



नजिता अनुसार प्रतियोगितामा पुरुष तर्फ माधब कुमार मिश्र द्वितीय र अफहान फरहान तृतिय भएका छन । यस्तै महिला तर्फ आँचल यादव द्वितीय र ग्रिसिका सुराना तृतिय भएकी छिन् ।

रक्षा मिडिया हाउस प्रालि काठमाडौंको समन्वय तथा लायन्स क्लब अफ राजबिराज सिटीको आयोजनामा संचालित प्रतियोगितामा फाईनलका लागी १७ जनाको छनौट गरिएको थियो ।

प्रतियोगिहरु सँग निर्णायक समितीद्वारा लिइएको अर्न्तबार्ता, वाककला, प्रश्नोत्तर, ब्यक्तित्व, प्रतिभा र कला प्रस्तुतीको आधारमा बिजेताको चयन गरिएको रक्षा मिडीया हाउस प्रालिका प्रबन्ध निर्देशक भुबन राउतले जानकारी दिए ।

बिजेताहरुलाई कार्यक्रमका प्रमुख अतिथी लायन्स क्लब ३२५ एफका फस्ट गर्भरन शिव कुमार कटवाल, लायन्स क्लब अफ राजबिराज सिटीका अध्यक्ष अरुण कुमार प्रधान, तिलाठी कोइलाठी गाउँपालिकाका प्रमुख शतिस सिंह, निर्णायक समितीका कैलाश खाकी श्रेष्ठ लगायतले ताजसहित क्राउन, प्रमाण पत्र र उपहारबाट सम्मानित गरेका थिए ।

# आईडियल सहकारी संस्था लि.

राजबिराज-०४, सप्तरी
फोन नं.०३१-५३१३९९, ५३३८०६

## धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

यस सहकारीबाट तपसीलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न प्रयोजनको लागी लिएको ऋणको सम्झौता बमोजिम तोकिएको समयवधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक/पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धीशर्त बन्देजहरुको तर्फ कुनै चासो नदिएकोले धितो सुरक्षणमा रहेको तपसील बमोजिमको धितो घर/जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने बारे ३५ दिने सूचना जारी गरिएको छ । उक्त म्याद भित्र पनि कर्जा चुक्ता/भुक्ता नगर्न नआएमा यस सूचना प्रकाशित भएको मितिले बाटोको म्याद समेत ४० औं दिनमा यस सहकारी संस्थाको कार्यालयमा धितो लिलाम बढाबढ गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । अन्यथा कर्जा सुरक्षणवापत लेखिदिएको धितो अचल सम्पत्ति घर/जग्गा सहकारी ऐन, नियमावली तथा यस सहकारीको ऋण लगानी तथा असुली सम्बन्धी नियमावली बमोजिम तपशिलमा उल्लेखित धितो सुरक्षण लिलाम गरि वा कानूनी कारवाही गरि संस्थाको लेना रकम असुलउपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको धितो लिलाम बिक्री हुन नसके यसै संस्थाले धितो सकार गर्नु परेमा नपुग वरावरको बाँकी वक्यौता ऋणी एवं जमानीकर्ताको अन्य जायजेथाबाट असुलउपर गरिने व्यहोरा समेत यसै साथ जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | ऋणीको फोटो | धितोमा रहेको सम्पत्तिको विवरण | धन जमानीकर्ताको विवरण |
|---|---|---|---|
| **ऋणीको नाम : अनिता मिश्रा**<br>पति : रन्धीर कुमार ठाकुर<br>ससुरा : जिवानन्द ठाकुर<br>हाल राजबिराज -०४, सप्तरी |  | जिवानन्द ठाकुरको बुहारी, रन्धीर कुमार ठाकुरकी पत्नी **अनिता मिश्रा** को नाममा सप्तरी साविक विसहरीया वडा नं. ३ ख कित्ता नं. ५१० क्षेत्रफल ०-५-५$\frac{1}{2}$, | जिवानन्द ठाकुरको बुहारी, रन्धीर कुमार ठाकुरकी पत्नी **अनिता मिश्रा**, हाल राजबिराज-०४, सप्तरी, ना.प्रा.नं. ३६५१ |
| **ऋणीको नाम : प्रमोद यादव**<br>वुवा : धनुस धारी यादव<br>बाजे : बेली यादव<br>पकरी ५, हाल महदेवा १, सप्तरी |  | बेली यादवको नाति, धनुस धारी यादवको छोरा **प्रमोद यादव**को नाममा साविक दिघवा वडा नं.४ कित्ता नं. ६०२ क्षेत्रफल ०-१-०, अगाडि वडा नं.८ कित्ता नं.११२, क्षेत्रफल ०-४-२ | बेली यादवको नाति, धनुस धारी यादवको छोरा **प्रमोद यादव**, पकरी ५, हाल महदेवा १, सप्तरी ना.प्रा.नं. ६५७५ |
| **ऋणीको नाम : विष्णु देव चौधरी**<br>वुवा : श्याम सुन्दर चौधरी<br>बाजे : रामकृष्ण चौधरी<br>हाल राजबिराज ३, सप्तरी |  | राम कृष्ण चौधरीको नाति, श्याम सुन्दर चौधरीको छोरा **विष्णु देव चौधरी**को नाममा साविक प्रसवनि वडा नं. ५ क कित्ता नं. ३८ क्षेत्रफल ०-६-५, कित्ता नं.२२५, क्षेत्रफल ०-४-०, कित्ता नं.२३१, क्षेत्रफ ०-४-१५ | राम कृष्ण चौधरीको नाति, श्याम सुन्दर चौधरीको छोरा **विष्णु देव चौधरी**, हाल राजबिराज ३, सप्तरी ना.प्रा.नं. ७६०८४३७३ |
| **ऋणीको नाम : रामदेव राय अमात**<br>वुवा : विलट राय<br>बाजे: लालजी राय<br>हाल छिन्नमस्ता गाँ.पा १, बरही, सप्तरी |  | लालजी रायको नाति,विलट रायको छोरा, **राम देव राय अमात** नाममा साविक बरही विरपुर वडा नं. ४ क कित्ता नं. २८७ क्षेत्रफल ०-२-१६, कित्ता नं. ५६६ क्षेत्रफल ०-२-११$\frac{1}{2}$,कित्ता नं. ८०४ क्षेत्रफल ०-४-०/५ | लालजी रायको नाति, विलट रायको छोरा, **रामदेव राय अमात**<br>हाल छिन्नमस्ता गाँ.पा १, बरही, सप्तरी न.प्रा.नं. ०८३३०६१८ |
| **ऋणीको नाम : गायत्री ठाकुर**<br>पति : राजकुमार शर्मा<br>ससुरा : महाविर शर्मा<br>हालविष्णुपु ७, सप्तरी |  | महाविर शर्माकी बुहारी, राजकुमार शर्माकी पत्नी **गायत्री ठाकुर**को नाममा साविक इटहरी विष्णुपुर २ कित्ता नं. ६७६ क्षेत्रफल : ०-२-१०, कित्ता नं. ८९४ क्षेत्रफल :०-९-५ | महाविर शर्माकी बुहारी, राजकुमार शर्माकी पत्नी **गायत्री ठाकुर,** हालविष्णुपु ७, सप्तरी ना.प्रा.नं.२४८३३१६७ |
| **ऋणीको नाम : सगिर मियाँभाट**<br>वुवा : कफुर मियाँ<br>बाजे : तिलजान मियाँ<br>साविक पथरगाडा ३ |  | तिलजान मियाँको नाति, कफुर मियाँको छोरा **सगिर मियाँभाट**को नाममा साविक सखुवा पथरगाडा वडा नं.४ क कित्ता नं. ४१ क्षेत्रफल ०-१३-१६$\frac{1}{2}$, कित्ता नं.८७४, क्षेत्रफल ०-३-३ | तिलजान मियाँको नाति, कफुर मियाँको छोरा **सगिर मियाँभाट**, साविक पथरगाडा ३, सप्तरी ना.प्रा.नं. ८११६००९३ |

**धितो लेखि दिने तथा व्यक्तिगत धनजमानी दिनेलाई सूचना**
उल्लेखित सूचनाको म्याद भित्र यथाशिघ्र ऋणको बाँकी बक्यौता राफसाफ गरि आफ्नो सम्पत्तिको उचित संसक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा सहकारी संस्था आफैले सकार गर्दा समेत साविकमा सहकारी संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा, सहकारी संस्था आफैले सकार गरि लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिक्री भयो वा सहकारी संस्था आफैले सकार गरि लियो भनी कहिकतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलामका शर्तहरु :**
१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कवोल गर्ने व्यक्तिले कवुल गरेको रकमको १० प्रतिशतले हुने रकम संस्थामा बुझाउनु पर्ने छ ।
२. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी वापतको रकम स्वत जफत हुनेछ ।
३. तोकिएको लिलामको दिन सार्वजानिक बिदा परेमा त्यसको भोलि पल्ट वा कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
४. बोलकवोलमा सबै भन्दा बढी कवोल गर्ने व्यक्तिलाई दिने नदिने सम्पूर्ण अधिकार सहकारीमा निहित रहनेछ ।
५. लिलाम बिक्री भएको अचल सम्पत्ति जे अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
६. लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा वोल कवोल गरेको रकम सहकारी संस्थालाई चित्त बुझ्दो नभएमा यस सहकारी संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
७. लिलाम गर्दा लाग्ने सम्पूर्ण खर्च ऋणी स्वयले नै व्यहोर्नु पर्ने छ । साथै लिलाम सकार गर्ने व्यक्तिले सकार गरि लिएको जायजेथा आफ्नो नाममा नामसारी गर्दा लाग्ने खर्च सकार गर्ने व्यक्ति स्वयंले व्यहोर्नु पर्ने छ ।
८. लिलाम बढाबढ आईतवार २०७८ चैत्र २७ गते १० बजे देखी ५ बजे सम्म संस्थाको कार्यालय राजबिराज -०४ मा हुनेछ ।

## स्थानीय तहको ...

तालिका सार्वजनिक गरेको हो ।

सार्वजनिक कार्यतालिका अनुसार फागुन १९ गते निर्वाचन कार्यक्रमको सुचना तथा मतदाता नामावली प्रकाशन गरिने भएको छ भने फागुन २० गते मतदाता नामावलीमा दोहरो नामावली भएका, मृत्यु भएका, नागरिकता परित्याग गरेका, बसाई सराई गरेका लगायतका बिषयमा त्रूटि सच्याउन वा दाबी बिरोध गर्ने समय तोकिएको छ ।

यस्तै फागुन २४ गते प्राप्त उजुरी र निबेदनको छानबीन गरी कानुन बमोजिम प्रक्रिया पुरा नगरेका मतदाताको नाम सुचीबाट हटाउने र फागुन २५ गते त्रुटी सच्याएर मतदाता नामावली प्रकाशन गर्ने तथा फागुन २६ गते दोहरो नाम परेका सम्बन्धमा प्राप्त निबेदनको छुट्टै बिवरण तयार गरी जिल्लामा अद्यावधीक भएको तथ्याङ्क संगै निर्वाचन आयोगमा पठाउने कार्यतालिका सार्वजनिक गरेको छ ।

कार्यक्रममा जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले बैशाख २९ सम्म मतदान गर्ने उमेर पुगेकालाई समाबेश गरिने बताए । उनले माघ २४ सम्म चलेको मतदाता नामावली संकलन अभियान अन्तर्गत नाम लेखाएर बैशाख २९ सम्म १८ वर्ष पुरा गरेका सबैले मतदान गर्न पाउने बताए । मतदान संकलन अभियानका क्रममा थपिएका ६० हजार ७ सय ९ मतदाता सहित जिल्लामा २ लाख २१ हजार १ सय पुरुष, २ लाख ३ हजार ५ सय ६२ महिला र २२ तेश्रो लिंगी गरी कुल मतदाताको संख्या ४ लाख २४ हजार ७ सय ९ पुगेको कार्यक्रममा उनले जानकारी दिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकार जर्नादन गौतम, प्रहरी उपरिक्षक अभिनारायण काफ्ले राजबिराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादबका साथै बिभिन्न राजनीतिक दलका प्रतिनीधी, संचारकर्मी, अधिकारकर्मी, विभिन्न संघ संस्थाका प्रतिनीधी लगायतले पनि अगामी ३० बैशाखमा हुने स्थानीय तहको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र मर्यादित बनाउन गरिनु पर्ने कामहरुबारे आ-आफ्नो सुझाव राखेका थिए ।

## काँग्रेसमा सर्वसम्मत ...

आन्तरिक निर्वाचन तथा अगामी स्थानीय निर्वाचनमा समेत एकताबद्ध भई अघि बढ्न सर्वसम्मती नै उत्तम बिकल्प रहेको भन्दै अध्यक्ष यादबले दुबै पक्षसित घनीभुत भेटघाट, बार्ता र सम्बाद जारी राखेको बताए ।

यसै क्रममा आईतबार पनि दुबै पक्षका अगुबा नेता कार्यकर्तासंग छलफल गरेको उनले बताए । पार्टीको फागुन २० गते हुने जिल्ला अधिबेशनका लागि सभापति पदमा संस्थापक पक्षबाट शत्रुधन यादब र इतर पक्षबाट रामदेब साहले उम्मेदबारीको घोषणा गरेका छन् ।

## अन्ततः एमसिसी ...

घोषणाले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

नेकपा (एकीकृत समाजवादी) का सांसद जीवनराम श्रेष्ठले १२ बुँदे व्याख्यात्मक घोषणा सकारात्मक भएको बताउँदै सो घोषणालाई अमेरिकी पक्षले पनि अनिवार्य पालना गर्नुपर्ने बताउनुभयो । नेकपा ( माओवादी केन्द्र) का सांसद गिरीराजमणि पोखरेलले एमसिसीबारे अझै स्पष्ट गर्नुपर्नेमा जोड दिनुभयो । कांग्रेसका सांसद गगन थापाले अहिले एमसिसीबारे विरोध गर्ने दलका नेताहरूले एमसिसीबारे सम्झौतामा सहभागी भएको भन्दै नक्कली राष्ट्रवादी नहुन आग्रह गर्नुभयो ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*